नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# सूचना तथा प्रसारण विभाग

सञ्चारग्राम, काठमाडौं

## निवेदन माग गरिएको सूचना

**सूचना प्रकाशित मिति : २०७९/०१/१५ गते**

पत्रकार बृतिकोष तथा सञ्चालन निर्देशिका, २०७५ तथा पत्रकार बृत्तिकोष सञ्चालन मापदण्ड, २०७८ बमोजिम पत्रकारिता क्षेत्रमा कार्यरत जेष्ठ तथा द्वन्द्वपीडित पत्रकार र द्वन्द्वमा परी मृत्यु भएका पत्रकारहरुको परिवारका सदस्यहरुलाई मासिक बृत्ति प्रदान गर्ने प्रयोजनका लागि तपसिल बमोजिमको कागजातसहित सूचना प्रकाशन भएको मितिले **४० (चालीस) दिन (मिति २०७९ जेठ २३ गते)** भित्र सूचना तथा प्रसारण विभागमा लिखित निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
२. शैक्षिक योग्यताको प्रमाणपत्र (नागरिकताको प्रमाणपत्रमा स्पष्ट जन्ममिति नखुलेको हकमा) ।
३. तीस बर्षसम्म निरन्तर पत्रकारिता गरेको पुष्टि हुने कागजात ।
४. सङ्घीय इकाईका तीनै तहबाट कुनै पनि प्रकारको आर्थिक तथा भौतिक सहयोग प्राप्त नगरेको भनी सम्बन्धित स्थानीय तहको सिफारिसमा जिल्ला प्रशासन कार्यालयबाट प्रमाणित भई आएको कागजात ।
५. सहयोगका लागि नेपाल पत्रकार महासंघ केन्द्रीय कार्यालय वा जिल्ला शाखाको सिफारिस पत्र ।
६. नेपालको सरकारी पदबाट निवृत्त भई वा हाल कुनै लाभको पदमा नेपाल सरकारद्वारा नियुक्त भई कुनै प्रकारको सेवा सुविधा प्राप्त नगरेको भनि स्वघोषणा ।
७. द्वन्द्वपीडितको हकमा द्वन्द्वपीडित हो भनी खुलाउने प्रमाणित कागजात ।
८. सूचना तथा प्रसारण विभागबाट जारी भएको प्रेस प्रतिनिधि प्रमाणपत्र ।
९. थप जानकारी विभागको वेभसाइट www.doinepal.gov.np मा रहेको छ ।